# पुर्चौंडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश

पसं:२०८०/०८१
च नं

मिति २०८० /१२ /०७ गते

**प्रस्ताव आह्वान सम्बन्धी सुचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८०/ १२ /०७ गते**

यस नगरपालिको कार्यालय कृषि तथा पशु बिकास शाखाको आ.व २०८०/८१ को संघिय सरकार बाट प्राप्त शसर्त अनुदान तर्फ तपशिल बमोजिमको कार्यक्रम संन्चालन गर्नुपर्ने भएकोले यस नगरपालिका भित्रका इच्छुक कृषि समुह/कृषि फर्म /कृषि सहकारी/ कृषि उद्यमिहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समय भित्र कृषि तथा पशु बिकास शाखामा पेश गर्नु हुन सम्बधित सबैको जानकारिका लागि यो सुचना प्रकाशित गरिएको छ । साथै म्याद नाघि वा आवश्यक कागजात नभएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश नगरिने व्यहोरा समेत जानकारी गरिन्छ ।

**तपसिल**

| सि .न | कार्यक्रमको नाम | वार्षिक स्वीकृत बजेट रु (हजारमा | न्यनतम मापदण्ड तथा प्रासङ्गिक बिषयहरु |
|---|---|---|---|
| ०१ | साना सिँचाई प्रवर्धन कार्यक्रम | ७७५ | ✓ यस कार्यक्रम अन्तर्गत कृषि समुह ,कृषि सहकारी , कृषि फर्म मात्र आवेदन दिन सक्नेछन ।<br>✓ यस कार्यक्रम अन्तर्गत कृषि योग्य जमिनमा सिँचाईको सुविधा बढाउनको लागी साना सिँचाई पुर्वाधार निर्माण । स्तरन्नतीका कार्यक्रमहरुलाई प्राथमिकता दिईने छ।<br>✓ यस कार्यक्रमबाट साना सिँचाईका पुर्वाधार विस्तार स्तरन्नति ,नयाँ निर्माण तथा मर्मत जस्ता कार्यहरु मात्र गर्न सकिनेछ ।<br>✓ यस कार्यक्रम अन्तर्गत पक्की सिँचाइ पोखरी , प्लाष्टिक पोखरी, सिँचाई पाईप वितरण , सिँचाई मोटर , नविन सिँचाई प्रविधि ( थोपा सिँचाई ,स्प्रिङ्कलर सिँचाई) विस्तार जस्ता क्रियाकलापहरु गर्न सकिनेछ ।<br>✓ कृषि समुह वा कृषि सहकारी अन्य कृषि फर्म र कृषि उद्यमी बाट निर्माण हुने सामुदायिक प्रयोजनका कृषि पुर्वाधार ( सामुदायिक सिँचाई पुर्वाधार )को हकमा अनुदानको सिमा अधिकतम ८५प्रतिशत अनुदानको सिमा रहनेछ ।<br>✓ कृषि फर्म र उद्यमिको हकमा ५० प्रतिशत सिमा रहने छ । |



उप्रमुख .... कृषि अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# पुर्चौंडी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हाट, बैतडी
सुदूरपश्चिम प्रदेश

पुर्चौंडी नगरपालिका नगर कार्यपालीकाको कार्यालय हाट, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

पसं:२०८०/०८१
च नं

| | | | |
|---|---|---|---|
| | | | ✓ सोलार पम्मको हकमा प्रति ब्लक १ वटा स्किप संन्चालन गर्न सकिने छ । सो अनुसार अधिकतम रु १५००००।-(एक लाख पचास हजार मात्र) अनुदान दिइने छ।<br>✓ अन्य सिचाइ हकमा प्रति ब्लक २ स्किप संन्चालन गर्न सकिने छ ।सो अनुसार प्रति स्किप ७५०००।-(पछहत्तर हजार ) अनुदान दिइने छ। |

**आवश्यक काजजातहरू**

- कार्यक्रम माग सम्बधी निवेदन र प्रस्तावना फारम ( कृषि शाखा बाट उपलब्ध हुने छ ) ।
- सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र (बिगत २ बर्ष सम्म एकै प्रकृतिको अनुदान प्राप्त नगरेकोहुनु पर्ने )
- कृषक समुह सहकारी संस्था ,कृषि फर्म दर्ता नबिकरणको प्रमाण पत्रको प्रतिलिपि र लाभग्राहीहरुको नागरिताको प्रतिलिपी।
- आर्थिक बर्ष २०७९/०८० को लेखा परिक्षण प्रतिबेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि।
- स्थाइ लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपि।
- कार्यक्रम संन्चालन हुने स्थान जग्गा /जमिनको स्वामित्व खुल्ने जग्गा धनि प्रमाण प्रत्रको प्रतिलिपि ।
- सम्बधित वडा कार्यलय बाट दोहोरो तथा बिगत २ बर्ष सम्म एकै प्रकृतिको अनुदान प्राप्त नगरेको सिफारिस प्रत्र।

..........................
उत्तम बहादुर बिष्ट
कृषि विकास अधिकृत

उत्तम बहादुर बिष्ट
कृषि अधिकृत

..........................
बिनोद कुमार कुवंर
प्रमुख प्रसाकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत